## आँधीखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

# आँधीखोला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,

# २०७६

गाउँसभाबाट पारित मितिः २०७६।११।१८


आँधिखोला गाउँपालिका
कृषि, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

# आँधीखोला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानुन बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२१ बमोजिम आँधीखोला गाउँपालिकाको छैठौँ गाउँसभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम, बिस्तार र प्रारम्भ :** (क) यो ऐनको नाम “आँधीखोला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन ,२०७६” रहेको छ ।

(ख) यो ऐन आँधीखोला गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क)“ऐन” भन्नाले आँधीखोला गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन २०७६ सम्झनु पर्दछ।

(ख) “कार्यपालिका” भन्नाले आँधीखोला गाउँपालिका गाउँ कार्यपालिका लाई सम्झनु पर्दछ ।

(ग) “गाउँपालिका” भन्नाले आँधीखोला गाउँपालिका सम्झनु पर्दछ ।

(घ) ”सभा” भन्नाले नेपालको संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्दछ ।

(ङ)“संविधान” भन्नाले नेपालको संबिधान,२०७२ लाई सम्झनु पर्दछ ।

(च) “कानुनी लिखत” भन्नाले कानुन बमोजिम गठन भएका संगठित संस्था तथा यस्तै प्रकृतिका संस्था गठन तथा सञ्चालनका लागी तर्जुमा गरिएका नियमावली, कार्यविधि, निर्देशिका समेतका लिखत सम्झनु पर्दछ ।

३. **नियम बनाउने अधिकार :** (क) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम गाउँपालिकालाई तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनुपर्ने कार्यविधि नियमित गर्नको निमित्त कार्यपालिकाले आवश्यक नियमावली, कार्यविधि, निर्देशिका लगायतका कानुनी लिखत बनाउन सक्नेछ ।

(ख) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानुन बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने :**(१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही आँधीखोला गाउँपालिका गाँउकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

५.**बचाउः** यो ऐन प्रारम्भ हुनुअघि आँधीखोला गाउँपालिकाले जारी गरेका नियमावली, कार्यविधि, निर्देशिका लगायतका कानुनी लिखत यसै ऐन बमोजिम जारी भएको मानिनेछ ।

**सुधिर कुमार पौडेल**
**अध्यक्ष**
**आँधीखोला गाउँपालिका**
**प्रमाणीकरण मिति : २०७६/११/१८**